# तिनाउ गाउँपालिका

## आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव

**सभाका सभाध्यक्ष महोदय,**

१. तिनाउ गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गाउँपालिकाको १४ औं गाउँसभामा चालु आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव प्रस्तुत गरिरहँदा गौरवको महशुस गरेको छु। यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउन योगदान गरी तिनाउ गाउँपालिकालाई आफ्नो सिमा भित्र रहेका विकास निर्माण लगायतका क्षेत्रहरुमा रहेर बजेट निर्माण गर्न र बजेट कार्यान्वयन गर्दा देखिएका समस्या तथा चुनौतीहरुलाई समाधान गर्न बजेट तथा कार्यक्रम संशोधन गर्ने कानूनी आधार उपलब्ध गराउन जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा यस गाउँपालिकालाई यो अवस्थामा ल्याउन योगदान गर्नुहुने अग्रज महान् गाउँपालिकाबासी नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

२. संघीयताको कार्यान्वयनसँगै राज्य पुर्नसंरचनाको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय संघीयताको कार्यान्वयन हुने कामको प्रारम्भ भैसकेको छ । जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट तिनाउ गाउँपालिकाबासीले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । गाउँपालिकाको कार्य सम्पादनबाट स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशीला यस गाउँपालिकामा पनि तयार भएको छ ।यसै आधारशीलालाई सफलिभूत पार्न आज यो १४ औं गाउँसभामा तिनाउको चालु आ.ब. २०८०/८१ को बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव पेश गर्न उपस्थित भएको छु। तिनाउ गाउँपालिकाले हासिल गरेको युगान्तकारी राजनीतिक उपलब्धिको फल स्वरुप समृद्ध गाउँपालिका, सुखी गाउँपालिकाबासीको आकांक्षा हासिल गर्ने दिशामा यो गाउँपालिका दृढताका साथ अघि बढेको छ ।यस क्रममा सामाजिक न्यायको प्रत्याभूति सहितको जनउत्तरदायी गाउँपालिका र सभ्य सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्रको दिशामा समृद्ध अर्थतन्त्र निर्माणका लागि यो गाउँपालिका प्रतिवद्ध छ। **"खानेपानी, कृषि, पर्यटन र पूर्वाधारः तिनाउ विकासको दीगो आधार"** भन्ने गाउँपालिकाले लिएको दीर्घकालिन उद्देश्य पुरा गर्न बजेट तथा कार्यक्रमलाई कार्यन्वयनको क्रममा देखिएका कमि कमजोरीहरुलाई सुधार गर्दै बजेट कार्यान्वयन गर्नुपर्ने भएकोले आज चालु आ.ब.को बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव पेश गरेको छु।

३. विगतमा तिनाउ गाउँपालिकाले लिएका नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट यस गाउँपालिका भित्र धेरै परिवर्तनका संकेतहरु देखा पर्न शुरु गरेका छन् ।तिनाउ गाउँपालिकाले सञ्चालन गरेका विभिन्न कार्यक्रम मार्फत गाउँपालिकाबासीहरुले आफ्नो आय स्तर बढाउने, नकारात्मक कार्यहरुमा खबरदारी गर्ने, समाज सुधारको बाटोमा आफूलाई

समाहीत गर्ने, गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको अवस्था नरहने अवस्थाको शुरुवात भएको छ ।

४. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण र पूनर्निर्माण कार्यमा तिव्रता आएको छ । विकासमा जनताको चासो तथा गुनासाका खबरदारीहरु देखा पर्न थालेका छन् ।समग्रमा चालु आर्थिक वर्षमा समग्र विकासको अवधारणा अनुसार गाउँपालिकाका विभिन्न विकासका सम्भावनाहरुमा लगानी बढाइएको थियो जसको कार्यान्वयन अपेक्षित रुपमा भैरहेको अवस्था देखिएको छ ।गाउँपालिकाभित्र जनताले प्रत्यक्ष अनुभव गर्ने खालका कार्यक्रमहरु सञ्चालन भएका छन जसको कार्यान्वयनले सबै गाउँपालिका बासीहरु हर्षित हुनुहुन्छ भन्ने मैले अपेक्षा गरेको छु ।

५. चालु आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले गत वर्ष हासिल भएका उपलब्धीहरुलाई विशेष ध्यान दिँदै गाउँपालिका बासीका आर्थिक र सामाजिक हित वृद्धि गर्न पहल गरेको थिए। गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी र जनताको पहुँचसम्म पुर्याउन विशेष पहल गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्न विशेष ध्यान केन्द्रित गरेको छु । गाउँपालिकाले लिएका दीर्घकालीन योजना तथा गुरुयोजना अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रयास पनि यस आर्थिक वर्षको बजेटमा सम्बोधन गर्ने प्रयास गरिएको थियो ।

६. चालु आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानूनहरु, संघीय सरकारबाट प्राप्त मार्गदर्शन, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाले पारित गरेको यस आर्थिक वर्षको नीति तथा कार्यक्रम, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र विभिन्न संघ संस्था एवम् विद्वतवर्गहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई विशेष ध्यान दिएको थिए ।

७. गाउँपालिकाले चालु आ.व.मा संघीय सरकारबाट समानिकरण अनुदान तर्फ रु. ८ करोड ५३ लाख, शसर्त अनुदान चालु तर्फ रु. २१ करोड ६७ लाख, शसर्त अनुदान पुँजिगत तर्फ ८० लाख, विशेष अनुदान पुँजीगत तर्फ रु. ८० लाख र समपुरक अनुदान पुँजीगत तर्फ रु. ८० लाख गरी जम्मा रु. ३२ करोड ६० लाख आम्दानी गर्ने लक्ष्य राखेकोमा चालु आर्थिक वर्षको हालसम्म समानिकरण अनुदान तर्फ रु. २ करोड १३ लाख, शसर्त अनुदान चालु तर्फ रु. ७ करोड १४ लाख, शसर्त अनुदान पुँजिगत तर्फ १४ लाख १९ हजार गरी जम्मा रु. ९ करोड ४१ लाख वास्तविक आम्दानी गर्न सफल भएको छ ।

८. चालु आ.व.मा प्रदेश सरकारबाट समानिकरण अनुदान तर्फ रु. ५९ लाख ५९ हजार, शसर्त अनुदान चालु तर्फ रु. २६ लाख ५० हजार, शसर्त अनुदान पुँजिगत तर्फ ६० लाख, र समपुरक अनुदान पुँजीगत तर्फ रु. १ करोड गरी जम्मा रु. २ करोड ४६ लाख आम्दानी गर्ने लक्ष्य राखेकोमा चालु आर्थिक वर्षको हालसम्म समानिकरण अनुदान तर्फ रु. १४ लाख ८९ हजार, शसर्त अनुदान चालु तर्फ रु. ८ लाख ७४ हजार, शसर्त अनुदान पुँजिगत तर्फ

१९ लाख ८० हजार र समपुरक अनुदान पुँजिगत तर्फ ३३ लाख गरी जम्मा रु. ७६ लाख ४४ हजार वास्तविक आम्दानी गर्न सफल भएको छ ।

९. चालु आर्थिक वर्षमा राजस्व बाँडफाँड तर्फ मुल्य अभिवृद्धि कर तर्फ रु. ८ करोड ४३ लाख, सवारी साधन कर रु. ५३ लाख, विज्ञापन कर २४ हजार र दहत्तर बहत्तर शुल्क रु. ६ लाख गरी जम्मा ९ करोड ३ लाख आम्दानी गर्ने अनुमान राखेकोमा हाल सम्म मुल्य अभिवृद्धि कर तर्फ रु. ९१ लाख, सवारी साधन कर रु. २२ लाख गरी जम्मा रु. १ करोड १४ लाख मात्र आम्दानी गर्न सफल भएको छ ।

१०. गाउँपालिकाको आन्तरिक आम्दानी तर्फ एकीकृत सम्पत्ती कर तर्फ १० लाख, भूमिकर मालपोत तर्फ १४ लाख, बहाल कर तर्फ १० लाख, अन्य विक्रीबाट प्राप्त रकम ५ लाख, अन्य सेवा शुल्क तथा विक्री रु. १ करोड ५० लाख, न्यायीक दस्तुर ५० हजार, शिक्षा क्षेत्रको आम्दानी १ लाख, नक्सा पास दस्तुर ४ लाख ७० हजार, सिफारिस दस्तुर १० लाख, नाता प्रमाणित दस्तुर २० हजार, अन्य दस्तुर ५ लाख, व्यवसाय रजिष्ट्रेशन दस्तुर २ लाख, अन्य क्षेत्रको आय ८० लाख, प्रशासनीक दण्ड जरिवाना र जफत १० लाख, प्रदुषण नियन्त्रण शुल्क १ लाख, बैक मौज्दात ३ करोड ४४ लाख, जनसहभागिता ७५ लाख, अन्य संस्थागत आन्तरिक अनुदान रु. ४० लाख र अन्य व्यक्तिगत आन्तरिक अनुदान ३५ लाख गरी जम्मा ६ करोड ४७ लाख ४० हजार आम्दानी गर्ने अनुमान गरेकोमा हाल सम्म बैक मौज्दात रु. ३ करोड ४४ लाख र विभिन्न शिर्षकमा गरी जम्मा रु. ९५ लाख ३४ हजार गरी जम्मा ४ करोड ३९ लाख ३४ हजार आम्दानी गर्न सफल भएको छ ।

११. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा चालु तर्फ रु. ३६ करोड ६६ लाख विनियोजन गरेकोमा हाल सम्म जम्म रु. ८ करोड ३९ लाख खर्च गरी २२.८९ प्रतिशत खर्च गर्न सफल भएको छ ।

१२. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा पुँजिगत तर्फ रु. १४ करोड ६५ लाख विनियोजन गरेकोमा हालसम्म जम्मा रु. १ करोड २८ लाख मात्र खर्च गरी ८.७८ प्रतिशत मात्र पुँजिगत खर्च गर्न सफल भएको अवस्था छ ।

१३. गाउँपालिकाले चालु आर्थिक वर्षमा जम्मा रु. ५१ करोड ३२ लाख विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ९ करोड ६८ लाख खर्च गरी जम्मा १८.८६ प्रतिशत मात्र खर्च गर्न सकेको अवस्था रहेको छ ।

**सभाध्यक्ष महोदय,**

१४. चालु आर्थिक वर्षको पौष मसान्तसम्म यस गाउँपालिकाले सम्पन्न गरेका विभिन्न महत्वपूर्ण कार्यक्रमहरुको प्रगति विवरण भरखरै अध्यक्ष्यज्यूको प्रतिवेदन मार्फत सार्वजनिक भैसकेको व्यहोरा यहाँहरुलाई अवगत नै छ ।

१५. अब म चालु आ.ब. २०८०/८१ को बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१६. चालु आर्थिक आ.ब. २०८०/८१ को बजेट तथा कार्यक्रम संशोधन रु. ३ करोड ४४ लाख ८० हजार ५ सय १८ रुपैया ३० पैसा आयको रुपमा अनुमान गरेको छु । यस मध्ये अनुसूची १ मा उल्लेख भएका २३ वटा आयोजनाहरु यस वर्ष कार्यान्वयन हुने अवस्था नदेखिएकोले कार्यक्रम संशोधन मार्फत हटाउने गरी प्रस्ताव गरेको छु । यसबाट जम्मा रकम रु. ६६ लाख ५० हजार बचत हुने देखिएकोले संशोधन मार्फत आयको रुपमा अनुमान गरेको छु । चालु आ.ब. को हालसम्म बजेट निर्माण गर्ने क्रममा अनुमान गरिएको बैंक मौज्दात भन्दा रु.२ करोड ७८ लाख ३० हजार ५ सय १८ रुपैया ३० पैसा बढी बचत देखिएकोले चालु आ.ब. को बाँकि अवधिको लागि आयको रुपमा अनुमान गरेको छु। यस सम्बन्धि विस्तृत विवरण यसै साथ रहेको अनुसुचिमा व्यवस्था गरेको छु।

१७. चालु आर्थिक वर्षको हाल सम्म वार्षिक बजेट तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने क्रममा केही योजनाहरु यस वर्ष कार्यान्वयन गर्न आवश्यक रहेको र जनताको माग पनि व्यापक रुपमा रहेकोले अनुसूची २ मा व्यवस्था गरे अनुसारका आयोजनाहरुमा थप कार्यान्वयन गर्ने गरी प्रस्ताव गरेको छु । यी आयोजनाहरुको जम्मा रकम रु. रु. ३ करोड ४४ लाख ८० हजार ५ सय १८ रुपैया ३० पैसा रहेको छ ।

**सभाध्यक्ष महोदय,**

१८. मैले माथि बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव प्रस्तुत गरेको बजेटको सफल कार्यान्वयनबाट गाउँपालिकामा उपलब्ध श्रोत र साधनको उच्चतम उपयोग र समन्यायीक वितरण भै गाउँपालिका बासीको जीवन स्तर सहज सुरक्षित र गुणस्तरिय हुँदै जाने तथा दीगो र उच्च आर्थिक वृद्धिको जग मजबुत हुने अपेक्षा लिएको छु । गाउँपालिका भित्रको सार्वजनिक सेवाको प्रभावकारिता एवं गुणस्तर अभिवृद्धि भै सुशासनको प्रत्याभुती हुने विश्वास लिएको छु ।

१९. यो संशोधन प्रस्ताव तयार गर्दा मलाई सहयोग गर्ने अध्यक्ष ज्यू, गाउँपालिका वडाध्यक्षहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, गाउँ सभाका सदस्यहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु,गाउँपालिकाका राजनीति दलका प्रमुख तथा प्रतिनिधिहरु, गाउँपालिकाका विद्वत वर्गहरु, गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, बजेट निर्माणको क्रममा अमुल्य राय सुझाव उपलब्ध गराउने सम्पूर्ण सहयोगिहरु र गाउँपालिका बासी प्रति हार्दिक आभार प्रकट गर्दै बजेट कार्यान्वयनमा सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दै सबल र समृद्ध तिनाउ गाउँपालिका निर्माणको महान यात्रामा सबै गाउँपालिका बासीलाई सहभागि हुन आह्वान गर्दै विदा हुन चाहन्छु । धन्यवाद नमस्कार ।

(लाल बहादुर थापा)
उपाध्यक्ष

# तिनाउ गाउँपालिका

## आ.व. २०८०/८१ को गाउँसभाबाट संशोधन हुने आयोजनाहरु

अनुसूची-१

**संशोधनबाट हट्ने आयोजनाहरु/आय**

| पूँजिगत तर्फका कार्यक्रमहरु | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | शिर्षक नं. | व्यय शिर्षकको नाम | कार्यान्वयन हुने वडा | अनुमानित रकम | कैफियत |
| १ | ३११५१ | घैयार लिफ्ट खानेपानी आयोजना | १ | ५०,०००.०० | |
| २ | ३११५९ | झ्याङला भित्री बाटो | २ | ३००,०००.०० | |
| ३ | ३११५९ | नागथान मन्दिर | २ | १००,०००.०० | |
| ४ | ३११५९ | देविस्थान सिंडी निर्माण | २ | १५०,०००.०० | |
| ५ | ३११५९ | सुकेताल कोटघर ट्रस निर्माण | २ | ५०,०००.०० | |
| ६ | ३११५१ | पाल्टांगे खुलखुले गोरेटो बाटो | २ | १००,०००.०० | |
| ७ | ३११५५ | बसढासटाक तल्लो टोल सिचाई | २ | १००,०००.०० | |
| ८ | ३११५५ | कम्रटोल सिचाई | २ | १००,०००.०० | |
| ९ | ३११५१ | मुर्दा घाट जाने बाटो | २ | १००,०००.०० | |
| १० | ३११५९ | वडा कार्यालय कम्पाउण्ड निर्माण | २ | ५००,०००.०० | |
| ११ | ३११५९ | श्री डाँडा ट्रस निर्माण | ३ | ४००,०००.०० | |
| १२ | ३११५१ | आपतकालिन मोटर बाटो मर्मत तथा सरसफाई | ३ | ४००,०००.०० | |
| १३ | ३११५६ | मधुवन खानेपानी टंकी निर्माण योजना | ४ | १००,०००.०० | |
| १४ | ३११५९ | मस्याम मा.वि. शैक्षिक सुधार तथा मर्मत | ६ | ३००,०००.०० | |
| १५ | ३११७१ | जनदिप मा.वि.घेराबार | ६ | ३००,०००.०० | |
| १६ | ३११५५ | बाह्रबिसे कुलो मर्मत | ६ | १००,०००.०० | |
| १७ | ३११७१ | कासि भञ्याङ्ग खेल मैदान | ६ | २५०,०००.०० | |
| १८ | २५३१५ | अन्य संस्था सहायता | गाउँपालिका | ५००,०००.०० | |
| १९ | ३११५९ | विद्यालय घेराबार | गाउँपालिका | ७००,०००.०० | |
| २० | ३११२३ | बालकक्षा भुइँ बसाइ | गाउँपालिका | ४५०,०००.०० | |
| २१ | ३११५९ | अर्घाछाप वरिपरी ऐलानी जग्गा संरक्षण | गाउँपालिका | १,०००,०००.०० | |
| २२ | २२५२२ | समपुरक कोष | गाउँपालिका | २५०,०००.०० | |
| २३ | ३११३५ | फोरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रम | गाउँपालिका | ३५०,०००.०० | |
| २४ | ३११२२ | **गत वर्षको यथार्थ नगद मौज्दात** | **गाउँपालिका** | **२७,८३०,५१८.३०** | |
| | | **जम्मा** | | **३४,४८०,५१८.३०** | |

| संशोधनबाट थप हुने आयोजनाहरु/व्यय | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | शिर्षक नं. | व्यय शिर्षकको नाम | कार्यान्वयन हुने वडा | अनुमानित रकम | कैफियत |
| १ | ३११५९ | श्री सरस्वती आ.वि.झिगामारा चौतारी निर्माण | १ | ५०,०००.०० | |
| २ | ३११५६ | ठूलि उदाङ खानेपानी एक घर एक धारा | १ | ३५०,०००.०० | |
| ३ | ३११५९ | ओखलढुङ्गा प्रतिक्षालय निर्माण | १ | २००,०००.०० | |
| ४ | ३११५१ | ठाडे रितुङ मोटरबाटो बिस्तार | १ | ५००,०००.०० | |
| ५ | ३११५१ | रानीबगिया झिंगामारा मोटरबाटो स्तरउन्नती | १ | १००,०००.०० | |
| ६ | ३११५१ | कचल बुढीकोट मोटरबाटो | १ | १००,०००.०० | |
| ७ | ३११५१ | ओखलढुङ्गा बोखर मोटर बाटो | १ | १००,०००.०० | |
| ८ | ३११५१ | पाँचचोटे रिङरोड मोटर बाटो | १ | १००,०००.०० | |
| ९ | ३११५१ | पाचचोटे खोडे चौपारी मोटर बाटो मर्मत | १ | १५०,०००.०० | |
| १० | ३११५५ | कठरा माथिल्लो कुलो मर्मत | १ | ५०,०००.०० | |
| ११ | ३११२२ | मिनी ट्रिलर खरिद | १ | ३००,०००.०० | |
| १२ | ३११५१ | तिन पोखरी जलुकै मोटर बाटो | १ | १००,०००.०० | |
| १३ | ३११५१ | झ्याङला भित्री बाटो | २ | २००,०००.०० | |
| १४ | ३१११२ | नागथान मन्दिर | २ | ५०,०००.०० | |
| १५ | ३११५१ | देविस्थान सिंडी निर्माण | २ | २००,०००.०० | |
| १६ | ३११५९ | सुकेताल कोटघर ट्रस निर्माण | २ | १५०,०००.०० | |
| १७ | ३११५१ | पाल्टांगे खुलखुले मोटरबाटो | २ | १००,०००.०० | |
| १८ | ३११५५ | बुढासटक तल्लो टोल सिचाई | २ | १००,०००.०० | |
| १९ | ३११५५ | बग्रटोल सिचाई | २ | १००,०००.०० | |
| २० | ३११५१ | भुजेल बस्ती झोलुङ्गे पुल निर्माण लागत साझेदारी | २ | १,२००,०००.०० | |
| २१ | ३११५९ | नुवाकोटमा उजिर सिंह पार्क निर्माण लागत साझेदारी | २ | ५००,०००.०० | |
| २२ | ३११५१ | सडक बोर्ड लागत साझेदारी | २ | ६००,०००.०० | |
| २३ | ३११५९ | झ्याङ्लामा झ्याङ्ला बोकेको मानिसको शालिक निर्माण | २ | २००,०००.०० | |
| २४ | ३११५६ | हरियाली गाउँ लिफ्टिङ खानेपानी योजना निर्माण | २ | १,०००,०००.०० | |
| २५ | ३११५९ | दोभान स्वास्थ्य चौकीमा भौतिक पूर्वाधार निर्माण | २ | ६९०,५१८.३० | |
| २६ | ३११५९ | सालबास भलिवल मैदान घेराबार | २ | १००,०००.०० | |
| २७ | ३११५९ | दोभान स्वास्थ्य चौकीमा भौतिक पूर्वाधार निर्माण (वर्थिङ सेन्टर) | २ | ४००,०००.०० | |
| २८ | २२३१३ | पुस्तक तथा कार्यालय व्यवस्थापन | २ | ५०,०००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | ३११५४ | खोडे दमार बस्ती संरक्षण | २ | ५०,०००.०० | |
| ३० | ३११५५ | खोडे दमार गुठी कुलो सिचाइ | २ | १००,०००.०० | |
| ३१ | ३११५९ | शिशु ज्योती प्रा.वि. बाटो तथा भवन मर्मत (प्र.म.रोजगार समेत) | २ | १००,०००.०० | |
| ३२ | ३१११२ | थानीडाँडा मा.वि.रङरोगन | २ | १००,०००.०० | |
| ३३ | ३११५९ | कालिका आ.वि.मर्मत संभार | २ | १००,०००.०० | |
| ३४ | ३११५९ | बालज्योती शौचालय मर्मत | २ | १००,०००.०० | |
| ३५ | ३११५५ | बरडाँडा सिचाइ | २ | १००,०००.०० | |
| ३६ | ३११५९ | बोटेगाउँ कोटघर निर्माण | २ | १००,०००.०० | |
| ३७ | ३११५६ | वेवरे खानेपानी व्यवस्थापन | २ | ५०,०००.०० | |
| ३८ | २२४११ | झ्याङ्ला भवन नक्सांकन तथा विश्लेषण | २ | ५०,०००.०० | |
| ३९ | ३११५९ | हरियाली गाउँ सामूदायिक स्वास्थ्य भवन (प्र.म.रोजगार समेत) | २ | २००,०००.०० | |
| ४० | ३१११२ | श्री डाँडा भवन निर्माण | ३ | ४००,०००.०० | |
| ४१ | ३११५१ | गड्डा भूतखोला मोटरबाटो स्तरउन्नती | ३ | ३००,०००.०० | |
| ४२ | ३११५१ | फूलबारी ह्युम पाइप व्यवस्थापन | ३ | १००,०००.०० | |
| ४३ | ३११५६ | झुम्सा खानेपानी आयोजना | ३ | ३५०,०००.०० | |
| ४४ | ३११५९ | तिलोत्तमा मा.वि.कक्षा कोठा मर्मत | ३ | ३००,०००.०० | |
| ४५ | ३१११२ | दानसिं कोट मन्दिर निर्माण | ३ | २००,०००.०० | |
| ४६ | २२५२२ | अविभावक शिक्षा | ३ | १००,०००.०० | |
| ४७ | ३११५९ | सडक बत्ती जडान | ३ | १००,०००.०० | |
| ४८ | ३११५९ | आदर्श आ.वि. चौपारी निर्माण | ३ | २५०,०००.०० | |
| ४९ | ३११२२ | कृषि उपकरण खरिद ५० प्रतिशत अनुदान | ३ | १००,०००.०० | |
| ५० | २२३११ | तिलोत्तमा मा.वि.छात्रबास व्यवस्थापन खाना खाजा तथा मसलन्द | ३ | १५०,०००.०० | |
| ५१ | ३१११२ | ज्यामिरे सामूदायिक भवन व्यवस्थाप | ३ | २००,०००.०० | |
| ५२ | ३११५५ | सिचाइ योजना (काब्रा चौर कुलो, फिरफिरे अधुरो कुलो, बेलडाँडा कुलो) | ३ | ३००,०००.०० | |
| ५३ | ३११५५ | कुम्भि सिंचाई आयोजना बेसी दमार | ४ | १००,०००.०० | |
| ५४ | ३११५९ | सत्यवती मन्दिर पर्यटन पूर्वाधार निर्माण | ४ | ५००,०००.०० | |
| ५५ | ३११५९ | सत्यवती प्रा.वि.घेराबार तथा वायरिङ | ४ | ४००,०००.०० | |
| ५६ | ३११५३ | लघु जलविद्युत मर्मत | ४ | १६०,०००.०० | |
| ५७ | ३११५९ | सत्यवती मन्दिर क्षेत्रमा भौतिक पूर्वाधार निर्माण सुधार | ४ | २००,०००.०० | |
| ५८ | ३११५१ | सपाङ्दी रिप टोल मोटर बाटो, तिनाउ ४ लगाड | ४ | ५००,०००.०० | |
| ५९ | २२५२२ | युवा तथा खेलकुद कार्यक्रम | ४ | ५०,०००.०० | |
| ६० | ३११५९ | पाइप खरिद | ४ | ३००,०००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६१ | २२५२२ | विपन्न नागरिक सहयोग सामाग्री खरिद | ४ | १००,०००.०० | |
| ६२ | २२५२२ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ४ | ५०,०००.०० | |
| ६३ | ३११५९ | कल्याणी आ.वि.घेराबार | ५ | ३००,०००.०० | |
| ६४ | ३११५९ | केराबारी पार्क निर्माण | ५ | १५०,०००.०० | |
| ६५ | ३११५६ | घुमराछाप खानेपानी आयोजना मर्मत | ५ | २००,०००.०० | |
| ६६ | २२५२२ | युवा तथा खेलकुद कार्यक्रम, वडा नं. ५ | ५ | १००,०००.०० | |
| ६७ | ३११५९ | शिशिवा हिउँदे खोला मोटर बाटो स्तर उन्नती | ५ | ३००,०००.०० | |
| ६८ | ३११५६ | हिउँदे खोला खानेपानी योजना | ५ | १५०,०००.०० | |
| ६९ | ३११५१ | चरचरे झगरे मोटर बाटो | ५ | ५०,०००.०० | |
| ७० | ३११५९ | वडा कार्यालय मर्मत, वडा नं. ५ | ५ | १००,०००.०० | |
| ७१ | ३११५९ | बुद्ध विकास मा.वि. भुईं ढलाई तथा प्लाष्टर | ५ | १००,०००.०० | |
| ७२ | ३११५९ | भूमीशाला आ.वि. कार्यालय व्यवस्थापन तथा जालि घेराबार | ५ | १००,०००.०० | |
| ७३ | ३११५९ | आदर्श आ.वि. भवन मर्मत | ५ | १००,०००.०० | |
| ७४ | ३११५१ | सिमलडाँडा मोटरबाटो स्तरउन्नती | ५ | १००,०००.०० | |
| ७५ | ३११५९ | जनदिप मा.वि.शैक्षिक सुधार तथा विद्यार्थी छात्राबास व्यवस्थापन | ६ | ३००,०००.०० | |
| ७६ | ३११५९ | मस्याम मा.वि. मर्मत तथा छात्राबास व्यवस्थापन | ६ | ३००,०००.०० | |
| ७७ | ३११५५ | रुसुन्दी ब्राहबिसे कुलो मर्मत | ६ | २००,०००.०० | |
| ७८ | ३११७१ | कासि भञ्याङ्ग खेल मैदान मर्मत तथा गोरेटो बाटो मर्मत | ६ | २५०,०००.०० | |
| ७९ | ३१११२ | मनमती देवी मन्दीर देविस्थान मर्मत तथा घेराबार | ६ | ३००,०००.०० | |
| ८० | ३११५६ | शिखर डाँडा खानेपानी आयोजना सुधार विस्तार | ६ | २००,०००.०० | |
| ८१ | ३११५५ | बाह्रबिसे पुछार कुलो निर्माण | ६ | ३००,०००.०० | |
| ८२ | ३११५१ | कालिमाटी ढाँड मोटरबाटो ढलान | ६ | ४५०,०००.०० | |
| ८३ | ३११५१ | मस्याम मा.वि.देखि जन्तेलुङ चोक सम्म जाने मोटबाटो ढलान | ६ | २००,०००.०० | |
| ८४ | ३११५९ | जनदिप मा.वि. शैक्षिक सुधार तथा छात्राबास व्यवस्थापन | ६ | १००,०००.०० | |
| ८५ | ३११५९ | मस्याम मा.वि. मर्मत तथा छात्राबास व्यवस्थापन | ६ | १००,०००.०० | |
| ८६ | ३१११२ | मनमती देवी मन्दीर मर्मत कुटेडाँडा | ६ | ५०,०००.०० | |
| ८७ | २२५२२ | नवप्रवर्तनमा आधारीत आर्थिक विकास कार्यक्रम लागत साझेदारी | गाउँपालिका | १,१३०,०००.०० | |
| ८८ | २२५२२ | पालिका स्तरिय विपद् व्यवस्थापन | गाउँपालिका | ४,०००,०००.०० | |
| ८९ | ३११५९ | गाउँपालिका भित्र विभिन्न सांकेतीक बोर्ड निर्माण | गाउँपालिका | १५०,०००.०० | |
| ९० | ३११५९ | मर्मत संभार | गाउँपालिका | १,०००,०००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९१ | ३११२२ | व्याकहो लोडर खरिद | गाउँपालिका | ५,५००,०००.०० | |
| ९२ | १२२१२ | इन्धन | गाउँपालिका | ८००,०००.०० | |
| ९३ | २२४१३ | मेशिन अपरेटर र सहायक तलब | गाउँपालिका | २००,०००.०० | |
| ९४ | १५१११ | मु.अ.कर बेरुजु दाखिला | गाउँपालिका | १,५००,०००.०० | |
| ९५ | २२२२१ | विभिन्न विद्यालयहरुका कम्प्युटर मर्मत | गाउँपालिका | ५००,०००.०० | |
| ९६ | ३११५५ | पाइप खरिद | गाउँपालिका | १,०००,०००.०० | |
| ९७ | ३११७१ | खेलकुद प्रवर्द्धन कार्यक्रम | गाउँपालिका | २००,०००.०० | |
| | | **जम्मा** | | **३४,४८०,५१८.३०** | |